uploaded

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:२०७५/७६
चलानी नं. : २२९

मिति : २०७५।०८।०७

श्री महानगरपालिका सबै,
श्री उप-महानगरपालिका, सबै,
श्री नगरपालिका, सबै,
श्री गाउँपालिका, सबै ।

विषय: समुदाय प्रहरी साझेदारी कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ४१४, मिति २०७५/०७/०९ को पत्रबाट समुदाय प्रहरी साझेदारी कार्यक्रम स्थानीय तहसंगको समन्वयमा कार्यान्वयन अनुरोध भई आएको छ । संलग्न सामुदायिक प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुसार कार्यान्वयन र समन्वयको लागि निर्णयानुसार अनुरोध छ ।

..................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा प्रविधि शाखा: softcopy website मा upload गरिदिनु हुन ।

अवधारणा पत्र

# समुदाय-प्रहरी साझेदारी

# (Community-Police Partnership)

| | | | | |
|---|---|---|---|---|
| नेपाल प्रहरी | स्थानीय तह | समुदाय | सामाजिक संस्था | विद्यालय |

## प्रहरी प्रधान कार्यालय

कार्तिक, २०७५

# बिषय सुची


**१. पृष्ठभूमि ........ १**

१.१ प्रस्तावना ........ १

१.२ समुदाय प्रहरी साझेदारीको समीक्षा ........ २

१.३ राष्ट्रिय सुरक्षा नीति ........ ३

१.४ समुदाय-प्रहरी साझेदारीको औचित्य ........ ५

**२. साझेदारी निर्माणको प्रक्रिया र संयन्त्र ........ ६**

२.१ साझेदारी निर्माणको प्रक्रिया ........ ६

२.२ सामुदायिक सुरक्षाको नीतिगत संयन्त्र ........ ६

२.३ समुदाय-प्रहरी साझेदारीको कार्यगत संयन्त्र ........ ७

**३. काम, कर्तव्य र जिम्मेवारी ........ १३**

३.१ समुदाय-प्रहरी समितिहरूको काम, कर्तव्य र जिम्मेवारी ........ १३

३.२ सामुदायिक प्रहरी महाशाखा/शाखाका जिम्मेवारीहरू ........ १७

३.३ समुदाय-प्रहरी साझेदारी अन्तर्गत सामुदायिक प्रहरी अधिकृतको काम, कर्तव्य र जिम्मेवारी ........ २१

**४. समुदाय-प्रहरी साझेदारीको कार्यक्षेत्र ........ २३**

४.१ समुदाय-प्रहरी साझेदारीको कार्यक्षेत्र ........ २३

**५. समुदाय-प्रहरी साझेदारीको प्राथमिकता र गतिविधिहरू ........ २७**

५.१ समुदाय केन्द्रित कार्यक्रमको प्राथमिकता र गतिविधिहरू ........ २७

५.२ विद्यालय केन्द्रित कार्यक्रम ........ २८

**६. नियमित रूपमा सञ्चालन हुने बैठक तथा न्यूनतम साझा कार्यक्रम ........ ३१**

६.१ नियमित बैठक तथा अन्तरक्रियाहरू ........ ३१

६.२ न्यूनतम साझा सामुदायिक कार्यक्रम (COMMON MINIMUM COMMUNITY PROGRAM) ........ ३१

६.३ न्यूनतम प्रहरी - विद्यालय सम्पर्क कार्यक्रम (MINIMUM SCHOOL LIAISON PROGRAM) ........ ३२

**७. व्यवस्थापन ........ ३३**

७.१ जनशक्ति व्यवस्थापन ........ ३३

७.२ कार्यालय व्यवस्थापन ........ ३४

७.३ साधनश्रोतको व्यवस्थापन ........ ३४

७.४ प्रोत्साहन तथा पुरस्कार ........................................................................................................३४
७.५ उत्कृष्ट अभ्यासहरू (BEST PRACTICES) ..........................................................................................३४
७.६ प्रतिवेदन र गतिविधिको प्रमाण (PORTFOLIO OF EVIDENCE) ...............................................................३५

**८.अनुगमन तथा मूल्याङ्कन ........................................................................................................३६**

८.१ अनुगमन तथा मुल्याङ्कन........................................................................................................३६

# १. पृष्ठभूमि

## १.१ प्रस्तावना

अपराध रोकथाम, सामाजिक विकृति विसंगति विरुद्ध जनचेतना फैलाउने, सुरक्षा व्यवस्थापनमा जनसहयोग अभिवृद्धि गर्ने र समग्रमा सामुदायिक सुरक्षालाई अभिवृद्धि गर्न नेपाल प्रहरी र स्थानीय तहको बीचमा सम्बद्ध सरोकारवालाहरूलाई समेत समेटी संस्थागत साझेदारी निर्माण गर्ने उद्देश्यले यो अवधारणा प्रस्तुत गरिएको छ । सामुदायिक सुरक्षा अभिवृद्धि गर्नका लागि स्थानीय स्तरमा नेपाल प्रहरी, स्थानीय तह, सरकारी निकायहरू, विद्यमान सामुदायिक (प्रहरी) सेवा केन्द्रहरू, विभिन्न क्षेत्रका गैह्र राजनीतिक सामुदायिक र सामाजिक संघ संस्थाहरू, महिला, बालबालिका र युवा सम्बन्धी संघ संस्थाहरू, माध्यमिक तहसम्म (कक्षा १२ सम्म) का विद्यालयहरू र शिक्षा सम्बन्धी संघ संस्थाहरू र समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूको सहभागिता हुने गरी जिल्ला, पालिका, वडा, टोल र विद्यालय स्तरमा समितिहरू गठन गरी वृहत् राष्ट्रिय साझेदारी निर्माण गर्ने लक्ष्य रहेको छ।

"सुरक्षा विकासको पूर्व शर्त हो र विकास सुरक्षित समाजको आधार हो" भन्ने अन्तरसम्बन्धलाई मनन् गर्दै सामुदायिक प्रहरी सेवाको अवधारणा अनुरूप स्थानीय तह र स्थानीय प्रहरी इकाईबीच प्रभावकारी समन्वय र सहकार्यबाट स्थानीय विकास, सेवा प्रवाह र सुरक्षालाई एकीकृत रूपमा अगाडी बढाउने उद्देश्यले समुदाय-प्रहरी साझेदारी निर्माण गरिनेछ । स्थानीय तहको सामाजिक न्याय, सुरक्षा, मेलमिलाप, सामुदायिक शिक्षा र जनचेतनाको दायित्व; नेपाल प्रहरीको अपराध नियन्त्रण र रोकथाम गर्ने दायित्व; सामाजिक संघ संस्थाहरूका सामुदायिक सुरक्षा र जनचेतना केन्द्रित उद्देश्यहरू; असल र सक्षम नागरिकको विकास गर्ने शिक्षा प्रणालीको लक्ष्य; र राष्ट्रिय सुरक्षाको सन्दर्भमा संविधानले निर्दिष्ट गरेका नागरिक कर्तव्यहरू[१] समेतलाई संस्थागत सहकार्य र समन्वयको माध्यमबाट पुरा गर्न नेपाल प्रहरी र स्थानीय तहको संयोजनमा समुदाय-प्रहरी साझेदारी निर्माणको अवधारणा अवलम्बन गरिएको छ।

[१] नेपालको संविधान, २०७२ को धारा ४८ नागरिकका कर्तव्यहरू

## १.२ समुदाय प्रहरी साझेदारीको समीक्षा

नेपाल प्रहरी स्थापना कालदेखि नै प्रहरी ऐन, २०१२ को मर्म अनुसार प्रहरी संगठनलाई अपराध रोक्ने, पत्ता लगाउने र शान्ति सुरक्षा कायम गर्ने भरपर्दो संगठनको रूपमा स्थापित गर्न कटिबद्ध छ । सोही क्रममा घटित अपराधको अनुसन्धान गर्नु भन्दा अपराध नै हुन नदिनु प्रहरीको प्रमुख कर्तव्य हो भन्ने तथ्यलाई मनन् गर्दै आम समुदाय र प्रहरीको समन्वय र सहकार्यमा अपराध उन्मुख समस्याहरूको बेलैमा पहिचान गरी समाधान गर्ने तथा प्रभावकारी प्रहरी सेवा हरेक नागरिकको घरदैलोमा पुऱ्याउने उद्देश्यले वि.सं. २०३९ सालदेखि "सामुदायिक सेवामा प्रहरी" (छिमेकी प्रहरी) को नामबाट घरदैलो कार्यक्रमको माध्यमबाट सामुदायिक प्रहरी सेवा सञ्चालन गरिएको थियो । यो कार्यक्रमले केही समय गति लिए पनि कानुनी अष्पस्टता, सामुदायिक प्रहरी सम्बन्धी ज्ञानको अभाव, श्रोतसाधनको अभाव, समन्वय र सहकार्यको अभाव आदिले गर्दा निरन्तरता पाउन नसकेको देखिन्छ ।
अपराध रोक्नको लागि समुदाय-प्रहरीको सहकार्य र समन्वयको आवश्यकता एवं अपरिहार्यतालाई मनन् गर्दै वि.सं. २०५१ सालमा काठमाडौंको महाराजगञ्जमा समुदाय-प्रहरीको सहकार्य तथा समन्वयमा सामुदायिक प्रहरी सेवा केन्द्रको स्थापना भई नेपाल प्रहरीमा विधिवत् रूपमा सामुदायिक प्रहरी सेवाको शुरूवात गरिएको थियो ।
सामुदायिक प्रहरी सेवालाई समय सापेक्ष सवलिकरण र सुदृढीकरण गर्ने उद्देश्यले प्रहरी प्रधान कार्यालयबाट वि.सं. २०६९ सालमा "सामुदायिक प्रहरी सेवा सञ्चालन निर्देशिका -२०६९" जारी भयो । सामुदायिक प्रहरी सेवा केन्द्रहरूले यसै निर्देशिका अनुरूप पाँच भागमा अपराध रोकथाम तथा नियन्त्रण, जनचेतनामुलक कार्यक्रम, सामाजिक क्रियाकलाप, जनस्वास्थ्य तथा वातावरण र विविधमा बिभाजन गरी अपराध रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाईन्छ ।

वि.सं २०७५ सालसम्म आईपुग्दा नेपालभर १९६ भन्दा बढी सामुदायिक प्रहरी सेवा केन्द्रहरू स्थापना हुनुका साथै प्रशासनिक कार्यको लागि प्रहरी प्रधान कार्यालयदेखि जिल्ला प्रहरी कार्यालयसम्म ९६ वटा सामुदायिक प्रहरी शाखाहरू समेत स्थापना भई निरन्तर रूपमा सामुदायिक गतिविधि गर्दै आईरहेको देखिन्छ । सामुदायिक प्रहरी सेवा केन्द्रको माध्यमबाट सुरक्षा सचेतना अभिवृद्धि गर्ने तथा अपराध रोकथाम गर्ने उद्देश्यले देशभर सामुदायिक प्रहरी सेवा केन्द्रहरू स्थापना गर्ने लक्ष्य राखेको भएतापनि साझेदारीका आधारभूत तत्वहरू (राष्ट्रव्यापी सञ्जाल, अपेक्षित सक्रियता र प्रभावकारी रुपमा साधनश्रोतको परिचालन) को अभावका कारण सामुदायिक प्रहरी सेवा केन्द्रको अवधारणाले आशातित सफलता प्राप्त गर्न सकेको छैन ।

समुदायको सुरक्षाको आधार स्थानीय जनता नै हुन् भन्ने तथ्यलाई मनन् गर्दै अपराध रोकथाम गर्ने उद्देश्यले सामुदायिक प्रहरी सेवाको अवधारणा अनुरूप प्रत्येक जनताको घर दैलोमा प्रहरी कर्मचारी पुगी सुरक्षा सरोकारका विषयमा जनतालाई सुसूचित गराउने तथा वस्तुगत परिस्थितिको जानकारी लिने पद्दतिको विकास गर्न मिति २०७४ साल असोज ६ गते देशव्यापी रुपमा "प्रहरी हाम्रो टोलमा" सञ्चालन हुनुका साथै गृह मन्त्रालयस्तरबाट "प्रहरी हाम्रो टोलमा कार्यक्रम सञ्चालन निर्देशिका २०७४" समेत जारी भएको थियो।

आम नागरिकहरूलाई छिटो, छरितो र सहज सेवा प्रदान गर्ने उद्देश्यले राज्यले तीन तहको सरकारलाई (केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार) जिम्मेवारीहरू बाँडफाँड गरी सेवा प्रवाह गर्दै आईरहेको छ । यसै सन्दर्भमा समुदायको शान्ति सुरक्षाको साझा जिम्मेवारी लिएका नेपाल प्रहरी र स्थानीय तहबीचको समन्वय र सहकार्य गर्ने देशव्यापी संयन्त्र स्थापना नभएको कारण दैनिक सेवा प्रवाह तथा आपसी समन्वयमा द्विविधा उत्पन्न महशुस गरिएको छ । अत: प्रहरी, स्थानीय तह र समुदायको साझा संयन्त्र निर्माण गरी सामुदायिक सुरक्षा अभिवृद्धि गर्ने तथा स्थानीय स्तरमा हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले यो अवधारणा प्रस्तुत गरिएको छ।

## १.३ राष्ट्रिय सुरक्षा नीति

राष्ट्रिय सुरक्षा नीति, २०७३ ले सामुदायिक सुरक्षा र समुदायको सहकार्यलाई राष्ट्रिय सुरक्षाको रणनीतिक लक्ष्य, प्राथमिकता र कार्यनीतिहरूमा समाबेश गरेको छ। समुदाय-प्रहरी साझेदारीले राष्ट्रिय सुरक्षा नीतिको समेत प्रबर्धन र परिपालना गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साझेदारीले राष्ट्रिय सुरक्षा नीतिका देहायका रणनीतिक लक्ष्य, प्राथमिकताहरू र नीतिहरूको सम्बोधन गर्नेछ:

**(क) रणनीतिक लक्ष्यहरू**

१. सुरक्षा व्यवस्थापनमा जन सहयोग अभिवृद्धि गर्ने। (२.८.११)

२. संगठित अपराधको सञ्जाल निस्तेज पार्ने र नियन्त्रण गर्ने। (२.८.२)

३. राष्ट्रिय सुरक्षा र सरोकारका विषयमा राष्ट्रिय सहमतिको विकास गर्ने। (२.८.१२)

४. कानूनको शासन प्रति सम्मान प्रवर्धन तथा न्यायपूर्ण शासकीय प्रणालीको विकास। (२.८.३)

**(ख) कार्यनीतिहरू**

१. "सुरक्षा व्यवपस्थापनमा योगदान र नागरिक कर्तव्य र सम्मान" भन्ने अवधारणालाई आत्मसात गराउन र मूर्तरूप दिन जनचेतना अभियान सञ्चालन गर्ने (२.८.११.१.१)

२. सामुदायिक प्रहरीको अवधारणालाई स्थापित र विस्तार गर्न जनसाझेदारीमा अभिवृद्धि गर्ने (२.८.११.१.२)

३. समाजमा उत्पन्न हुने सानातिना विवाद र समस्याहरूको समाधान र मध्यस्ततताका लागि नागरिक समाज र जनतालाई नेतृत्वदायी भूमिकामा स्थापित गर्दै जाने (२.८.११.१.३)

४. सुरक्षा व्यवस्थापनमा टोल, समुदाय, क्लब र स्थानीय निकायहरूलाई सहयोगीका रूपमा संलग्न गराउदै तिनीहरूको संस्थागत क्षमता विकास गर्दै जाने (२.८.११.१.४)

५. सुरक्षा व्यवस्थापनमा भुतपूर्व सैनिक, प्रहरी र निजामती कर्मचारीहरू लगायत सबै राष्ट्रसेवकहरूको अनुभव, सीप र क्षमताको उपयोग गर्दै जाने (२.८.११.१.६)

६. राष्ट्रलाई आवश्यक परेको बेला तोकेको उमेर समूहका सबै नागरिकहरूलाई सुरक्षा सम्बन्धी सेवामा तत्काल परिचालन गर्न सकिने गरी प्रशिक्षणको व्यवस्था गर्ने (२.८.११.१.७)

७. राष्ट्रिय सेवा दल, नेपाल स्काउट जस्ता संस्थाहरूको पहुँच तथा गतिविधिलाई देशभर विस्तार गरी स्थानीयस्तरको नेतृत्व विकास तथा अनुशासित तथा देशभक्त युवा जनशक्तिको निर्माण गर्दै जाने (२.८.११.१.८)

८. समुदायमा सार्वजनिक सुरक्षा प्रवर्धन गर्न सार्वजनिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने (२.८.२.१.७)

९. शान्ति र सुरक्षा स्थापना कार्यमा जनताको साझेदारी अभिवृद्धि गर्ने (२.८.२.१.९)

१०. युवाहरूलाई अपराध कार्यमा प्रवृत्त हुनबाट रोक्न विविध कार्यक्रमहरू सञ्चालन गर्ने (२.८.३.१.६)

११. विवाद समाधानका वैकल्पिक उपायहरूको पहिचान, स्थापना र प्रयोग गर्दै जाने (२.८.३.१.९)

१२. न्याय सेवा र सूचनामा नागरिकहरूको पहुँच बढाउन नागरिकहरूको अधिकार र कर्तव्यबारे जागरण अभियान सञ्चालन गर्ने (२.८.३.१.११)

१३. सुरक्षा संस्कृतिको विकासका लागि जनताको मानसिकतामा रूपान्तरण गर्न पैरवी समेतका माध्यमबाट जनचेतना अभियान चलाउने (२.८.१२.१.२)

१४. सुरक्षा संस्कृतिको विकासका लागि शैक्षिक पाठ्यक्रममा यो विषय समावेश गर्ने (२.८.१२.१.४)

१५. राष्ट्रिय सरोकारका विषयमा सहकार्य, सहमति, कर्तव्य पालना, सद्भाव र समन्वयको अवधारणालाई सुरक्षा संस्कृतिको अभिन्न अङ्ग बनाउने। (२.८.१२.१.५)

## १.४ समुदाय-प्रहरी साझेदारीको औचित्य

समुदाय-प्रहरी साझेदारीको औचित्य देहाय बमोजिम रहेको छ:

(क) प्रहरी - स्थानीय तह - समुदाय - सामाजिक संघसंस्था - विद्यालयबीच साझेदारी निर्माण गरी सामुदायिक सुरक्षालाई संस्थागत गर्न,

(ख) समुदायस्तरमा अपराध रोकथामलाई प्राथमिकतामा राखी सामूहिक प्रयास गर्न,

(ग) दीगो र दीर्घकालीन साझेदारीको संयन्त्र निर्माण गर्न,

(घ) विद्यमान परिस्थिति र भावी कार्यदिशाको सम्बोधन गर्न,

(ङ) विकास र सुरक्षा बीचको अन्तरनिर्भरतालाई एकीकृत रुपमा आत्मसात गर्न,

(च) सुरक्षा सचेतना अभिवृद्धि गर्ने संरचनागत प्रणालीको विकास गर्न,

(छ) स्थानीय तहका सेवा प्रवाहमा सुरक्षाको प्रभावकारी समन्वय कायम गर्न ।

# २.  साझेदारी निर्माणको प्रक्रिया र संयन्त्र

## २.१ साझेदारी निर्माणको प्रक्रिया

समुदाय-प्रहरी साझेदारी अन्तरगत मुख्यगरी समुदाय (वडा, टोल, बस्ती) केन्द्रित र विद्यालय केन्द्रित गरी दुईवटा दृष्टिकोणबाट कार्यक्रमहरू सञ्चालन गरिनेछ । समुदाय-प्रहरी साझेदारीको अवधारणा अनुरूप प्रदेश प्रहरी कार्यालय/महानगरीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरहरूले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाका पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया गरी प्रत्येक स्थानीय तहमा साझेदारी निर्माण गर्नेछन् ।

महानगरपालिकाको हकमा प्रदेश/महानगरीय प्रहरी कार्यालय र महानगरपालिकाको कार्यालय बीच समझदारीपत्रमा  हस्ताक्षर गरी साझेदारी निर्माण गरिनेछ । समझदारी पत्रमा प्रदेश/महानगरीय प्रहरी प्रमुख र महानगरपालिकाका मेयरले हस्ताक्षर गर्नेछन् । उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाको हकमा जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसर र सम्बन्धित उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका बीच समझदारी पत्रमा हस्ताक्षर गरी साझेदारी निर्माण गरिनेछ । समझदारीपत्रमा जिल्ला प्रहरी कार्यालय/ महानगरीय प्रहरी परिसर प्रमुख र  उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाका मेयर/प्रमुखले हस्ताक्षर गर्नेछन् ।

समझदारी पत्रमा हस्ताक्षर भएसँगै समुदाय-प्रहरी जिल्ला समिति र समुदाय-प्रहरी पालिका समितिहरूको निर्माण गरिनेछ । पालिका समितिहरू कार्यान्वयनमा आईसकेपश्चात प्रहरी जनशक्तिको उपलब्धता र व्यवस्थापन क्षमता अनुसार क्रमिक रुपमा समुदाय-प्रहरी वडा समितिहरूको निर्माण गरिनेछ । वडा समितिहरू कार्यान्वयनमा आईसके पश्चात समुदाय-प्रहरी टोल समितिहरू समेत गठन गरिनेछ ।

जिल्ला प्रहरी प्रमुखले मातहत प्रहरी इकाई प्रमुखहरूलाई प्रहरी-विद्यालय सम्पर्क समिति गठनको लागि निर्देशन दिन सक्नेछन् । स्थानीय प्रहरी प्रमुखहरूले आफ्नो जिम्मेवारी क्षेत्रभित्रका विद्यालय व्यवस्थापन/प्रशासनसँग छलफल तथा अन्तरक्रिया गरी प्रहरी-विद्यालय सम्पर्क समिति गठन गर्नेछन् ।

## २.२ सामुदायिक सुरक्षाको नीतिगत संयन्त्र

प्रहरी प्रधान कार्यालयले राष्ट्रिय सामुदायिक सुरक्षा नीतिगत संयन्त्रको संयोजन र व्यवस्थापन गर्नेछ । गृह मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ

नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग र अन्य सरोकारवाला निकायहरूसँगको समन्वय र सहभागितामा समुदाय-प्रहरी साझेदारीको नीतिगत निर्णयहरू गरिनेछ । त्यसैगरी पाठ्यक्रम विकास केन्द्र, केन्द्रीय बालकल्याण समिति, सामुदायिक र संस्थागत विद्यालय सम्बन्धी राष्ट्रिय संस्थाहरू (HISSAN, PABSON, N-PABSON आदि), राष्ट्रिय अभिभावक संघ/संस्था, पूर्व प्रहरी, सैनिक र निजामति कर्मचारी सम्बन्धि संस्थाहरू, नेपाल प्रहरी श्रीमती संघ, नेपाल दुरसञ्चार प्राधिकरण, नेपाल उद्योग बाणिज्य महासंघ, राष्ट्रिय समाचार समिति, सञ्चार माध्यमहरू, नेपाल पत्रकार महासंघ, Computer Association of Nepal लगायत साईवर सुरक्षामा क्रियाशिल संस्थाहरू र सामुदायिक सुरक्षासँग सरोकार राख्ने राष्ट्रिय स्तरका संघसंस्थाहरूसँग साझेदारी गरिनेछ । राष्ट्रिय साझेदारका अतिरिक्त नेपाल सरकारको नीतिको अधिनमा रही संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकायहरू (UNODC, UNICEF, UN WOMEN आदि), INTERPOL तथा नेपाल प्रहरीको सुधार योजनामा सहकार्य गर्दै आईरहेका DFID, USAID, JICA लगायतका अन्तराष्ट्रिय दातृ निकायहरू समेतको सहयोगमा समुदाय-प्रहरी साझेदारीको प्रणाली गत विकास र प्रबर्धन गरिनेछ ।

प्रदेश प्रहरी कार्यालयले प्रादेशिक सामुदायिक सुरक्षाको नीतिगत संयन्त्रको संयोजन र व्यवस्थापन गर्नेछ । प्रदेश प्रहरी कार्यालयहरूले योजना निर्माण र व्यवस्थापनको क्रममा मुख्यमन्त्रीको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्बन्धित अन्य मन्त्रालयहरू समक्ष नियमित रूपमा समन्वय र सहकार्य गर्नेछन् । प्रदेश प्रहरी कार्यालयहरूले राष्ट्रिय साझेदारीमा रहेका निकाय तथा संघ संस्थाहरूसँग प्रादेशिक स्तरमा समन्वय र सहकार्य गर्नेछन् ।

## २.३ समुदाय-प्रहरी साझेदारीको कार्यगत संयन्त्र

स्थानीय तहमा समुदाय-प्रहरी साझेदारीको रूपमा स्थानीय तह, नेपाल प्रहरी, सामुदायिक र सामाजिक संघ संस्था, विद्यालय र समाजका लब्ध प्रतिष्ठित समाजसेवीहरूको सहभागितामा निम्नानुसारका पाँच स्तरका सामुदायिक कार्यगत संयन्त्र निर्माण गरिनेछ:

**क) समुदाय-प्रहरी जिल्ला समिति (Community-Police District Committee)**

जिल्लास्तरका सामुदायिक कार्यक्रमहरूको योजना, समन्वय, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्नको देहाय बमोजिमका पदाधिकारीहरू सम्मिलित 'समुदाय-प्रहरी जिल्ला समिति' गठन गरिनेछ:

**अ) समुदाय-प्रहरी जिल्ला समितिको संरचना**

| | | | |
|---|---|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | | - | सल्लाहकार |
| जिल्ला सदरमुकामस्थित पालिका मेयर/प्रमुख | | - | सल्लाहकार |
| (१) | प्रमुख जिल्ला अधिकारी | - | संयोजक |
| (२) | जिल्ला प्रहरी प्रमुख | - | सह-संयोजक |
| (३) | जिल्ला प्रहरी कार्यालय/परिसर, सामुदायिक सम्पर्क अधिकृत | - | सदस्य-सचिव |

**<u>जिल्लास्तरीय संघसंस्था</u>**

| | | | |
|---|---|---|---|
| (४) | स्थानीय सरकारी निकायहरू | - | सदस्य |
| (५) | सामुदायिक (प्रहरी) सेवा केन्द्र | - | सदस्य |
| (६) | सामाजिक/सामुदायिक संघसंस्था | - | सदस्य |
| (७) | पूर्व प्रहरी कर्मचारीहरूको जिल्लास्थित संगठन | - | सदस्य |
| (८) | महिला तथा बालबालिका सम्बन्धी संघसंस्था | - | सदस्य |
| (९) | लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति | - | सदस्य |
| (१०) | विद्यालयसम्बन्धी संघसंस्था | - | सदस्य |
| (११) | अभिभावकसम्बन्धी संघसंस्था | - | सदस्य |
| (१२) | पत्रकार महासंघ, संचार गृह | - | सदस्य |
| (१३) | जिल्ला उद्योग वाणिज्य/व्यापार संघ | - | सदस्य |
| (१४) | जिल्ला बाल क्लब | - | सदस्य |
| (१५) | सरोकारवाला अन्य संघसंस्था | - | सदस्य |
| (१६) | नागरिक समाजका प्रतिनिधि (५ जना) | - | सदस्य |

**आ) समुदाय-प्रहरी जिल्ला समितिका पदाधिकारी, साझेदार र नागरिक समाजका प्रतिनिधिको चयन:** समुदाय-प्रहरी जिल्ला समितिका सल्लाहकार, संयोजक र सह-संयोजकहरू पदेन हुनेछन् । समुदाय-प्रहरी जिल्ला समितिले साझेदार संघसंस्था र नागरिक समाजका प्रतिनिधिहरूको चयन गर्नेछ ।

**ख) समुदाय-प्रहरी पालिका समिति (Community-Police Municipal Committee)**

पालिका स्तरीय सामुदायिक कार्यक्रमहरू सञ्चालन गर्न तथा पालिका अन्तर्गतका संरचना र कार्यक्रमहरूको योजना, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी 'समुदाय-प्रहरी पालिका समिति' गठन गरिनेछ:

**अ) समुदाय-प्रहरी पालिका समितिको संरचना**

| | | | |
|---|---|---|---|
| (१) | पालिका मेयर/प्रमुख | - | संयोजक |
| (२) | पालिका उप-मेयर/उप-प्रमुख | - | सह-संयोजक |
| (३) | जिल्ला प्रहरी प्रमुखले तोकेको सिनियर प्रहरी अधिकृत | - | सह-संयोजक |
| (४) | वडा अध्यक्ष  (एक जना) | - | सदस्य |
| (५) | स्थानीय प्रहरी ईकाई प्रमुख | - | सदस्य-सचिव |

**पालिकास्तरीय संघसंस्था**

| | | | |
|---|---|---|---|
| (६) | स्थानीय सरकारी निकायहरू | - | सदस्य |
| (७) | सामुदायिक (प्रहरी) सेवा केन्द्र | - | सदस्य |
| (८) | सामाजिक/सामुदायिक संघ संस्था | - | सदस्य |
| (९) | पूर्व प्रहरी कर्मचारीहरूको जिल्लास्थित संगठन | - | सदस्य |
| (१०) | महिला तथा बालबालिका सम्बन्धी संघसंस्था | - | सदस्य |
| (११) | आमा समुह, महिला समुह आदी संस्था | - | सदस्य |
| (१२) | विद्यालयसम्बन्धी संघसंस्था | - | सदस्य |
| (१३) | अभिभावकसम्बन्धी संस्था | - | सदस्य |
| (१४) | सरोकारवाला अन्य संघ संस्था | - | सदस्य |
| (१५) | सञ्चारकर्मी | - | सदस्य |
| (१६) | नागरिक समाजका प्रतिनिधि (५ जना) | - | सदस्य |

**आ) समुदाय-प्रहरी पालिका समितिका पदाधिकारी, साझेदार र नागरिक समाजका प्रतिनिधिको चयन:** समुदाय-प्रहरी पालिका समितिको संयोजन समितिका संयोजक र सह-संयोजक पदेन रूपमा चयन हुनेछन्। पालिकाको कार्यालय रहेको स्थानको वडा अध्यक्ष सदस्यको

रूपमा चयन हुनेछन् त्यसैगरी स्थानीय स्तरमा रहेका प्रहरी इकाई प्रमुखलाई सदस्य सचिवको रूपमा चयन गरिनेछ। स्थानीय प्रहरी ईकाई प्रमुख सह-संयोजक तोकिएको अवस्थामा स्थानीय प्रहरी ईकाई प्रमुखले तोकेको प्रहरी अधिकृतले सदस्य-सचिवको जिम्मेवारी वहन गर्नेछन् । समुदाय-प्रहरी पालिका समितिले साझेदार संघसंस्था र नागरिक समाजका प्रतिनिधिहरूको चयन गर्नेछ।

**ग) समुदाय-प्रहरी वडा समिति (Community-Police Ward Committee)**

पालिका अन्तर्गतमा रहेका हरेक वडा कार्यालयहरूमा सामुदायिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरू रहेको 'समुदाय-प्रहरी वडा समिति' गठन गरिनेछ:

**अ) समुदाय-प्रहरी वडा समितिको संरचना**

| | | | |
|---|---|---|---|
| (१) | वडा अध्यक्ष | - | संयोजक |
| (२) | समुदाय सम्पर्क प्रहरी | - | सह-संयोजक |
| (३) | वडा सदस्यहरू (सम्पूर्ण) | - | सदस्य |
| (४) | वडा सचिव | - | सदस्य |
| (५) | समुदाय सम्पर्क प्रहरी | - | सदस्य सचिव |
| | **वडास्तरीय संघसंस्था** | | |
| (६) | सामुदायिक (प्रहरी) सेवा केन्द्र | - | सदस्य |
| (७) | सामाजिक/ सामुदायिक संघसंस्था | - | सदस्य |
| (८) | महिला सञ्जाल, आमा समूह | - | सदस्य |
| (९) | स्थानीय क्लब | - | सदस्य |
| (१०) | नागरिक समाजका प्रतिनिधि (३ जना) | - | सदस्य |

**आ) समुदाय-प्रहरी वडा समितिका पदाधिकारी, साझेदार र नागरिक समाजका प्रतिनिधिको चयन:** समुदाय-प्रहरी वडा समितिको संयोजक पदेन हुनेछन्। स्थानीय प्रहरी ईकाई प्रमुखले उपयुक्त लागेको प्रहरी अधिकृत तथा जवानलाई क्रमशः सह-संयोजक र सदस्य-सचिवको छनौट गर्नेछन्। समुदाय-प्रहरी वडा समितिले आवश्यकता अनुसार संघ-संस्था र नागरिक समाजका प्रतिनिधिहरूको चयन गर्नेछ।

**घ) समुदाय-प्रहरी टोल समिति (Community-Police Tole Committee)**

पालिका र वडा समितिहरू कार्यान्वयनमा आए पश्चात् प्रहरी जनशक्तिको उपलब्धता र व्यवस्थापन क्षमता अनुसार सामुदायिक सुरक्षाको दायरा टोल स्तरसम्म विस्तार गरिनेछ। वडा क्षेत्रलाई जनसंख्या र भौगोलिक अवस्था समेत मध्यनजर गरी कम्तीमा ४ वटा प्रमुख टोलमा विभाजन गरी देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी समुदाय-प्रहरी टोल समितिहरू निर्माण गरिनेछ:

**अ) समुदाय-प्रहरी टोल समितिको संरचना**

| | | | |
|---|---|---|---|
| (१) | वडा सदस्य | - | संयोजक |
| (२) | टोलभित्र रहने घर धुरीहरू मध्येबाट (१० जना) | - | सदस्य |
| (३) | वडा समन्वय प्रहरी | - | सदस्य-सचिव |
| (४) | सामाजिक/सामुदायिक संघसंस्था | - | सदस्य |
| (५) | टोल सुधार/विकास समिति | - | सदस्य |
| (६) | स्थानीय क्लब | - | सदस्य |
| (७) | महिला सञ्जाल/आमा समुह | - | सदस्य |

**आ) समुदाय-प्रहरी टोल समितिका पदाधिकारीको चयन**: वडा अध्यक्षले उपयुक्त ठानेको वडा सदस्य (सम्भव भएसम्म सम्बन्धित टोल/वस्तीमा बस्ने) समुदाय-प्रहरी टोल समितिको संयोजकको रूपमा चयन हुनेछन्। सम्बन्धित स्थानीय स्तरमा रहेको प्रहरी ईकाई प्रमुखले उपयुक्त लागेको प्रहरी अधिकृत वा जवानलाई सदस्य-सचिवको छनौटको रूपमा गर्नेछन्। समुदाय-प्रहरी टोल समिति संयोजक र सदस्य-सचिवले अन्य सदस्यहरूको चयन गर्नेछन् र आवश्यकता अनुसार समुदाय-प्रहरी वडा समितिको राय समेत लिन सक्नेछन्।

**ङ) प्रहरी-विद्यालय सम्पर्क समिति (Police-School Liaison Committee)**

स्थानीय प्रहरी इकाईको जिम्मेवारी क्षेत्रभित्र रहेका माध्यामिकस्तर (१०+२), वा आधारभूत शिक्षा (१-८ कक्षा) सञ्चालन हुने विद्यालयहरूमा विद्यार्थी र अभिभावकहरूको लागि सामुदायिक सुरक्षा सम्बन्धी सचेतना वृद्धि गर्न देहाय बमोजिमको प्रहरी-विद्यालय सम्पर्क समिति गठन गरिनेछ:

**अ) प्रहरी-विद्यालय सम्पर्क समितिको संरचना**

| | | | |
|---|---|---|---|
| (१) | प्रधानाध्यापक | - | संयोजक |
| (२) | शिक्षक प्रतिनिधि (सम्भव भएसम्म खेलकुद शिक्षक) | - | सदस्य |
| (३) | बाल क्लब सदस्य वा विद्यार्थी प्रतिनिधिहरू (२/२ जना छात्र र छात्रा) | - | सदस्य |
| (४) | अभिभावक प्रतिनिधि (२ जना – १ जना महिला अभिभावक) | - | सदस्य |
| (५) | विद्यालय-सम्पर्क प्रहरी (वडा समन्वय गर्ने प्रहरी) | - | सदस्य-सचिव |

**आ) प्रहरी-विद्यालय सम्पर्क समितिका पदाधिकारीको चयन:** सम्बन्धित विद्यालय प्रधानाध्यापक प्रहरी-विद्यालय सम्पर्क समितिको संयोजकको रूपमा रहनेछन् । अन्य सदस्यहरूको छनौट समिति संयोजकले गर्नेछन् । सम्बन्धित स्थानीय स्तरमा रहेको प्रहरी ईकाई प्रमुखले उपयुक्त लागेको प्रहरी अधिकृत वा जवानलाई समितिको सदस्य-सचिवको जिम्मेवारी दिन सक्नेछन् ।

# ३. काम, कर्तव्य र जिम्मेवारी

## ३.१ समुदाय-प्रहरी समितिहरूको काम, कर्तव्य र जिम्मेवारी

समुदाय-प्रहरी साझेदारी अन्तरगतका समितिका गतिविधिहरू यसै अवधारणा बमोजिमका क्रियाकलापमा केन्द्रित हुनेछन् । समितिहरूले कुनै पनि किसिमका विवाद, झैझगडा, लेनदेन लगायतका विषयहरूमा छलफल गराउने र मुद्धा हेर्ने छैनन् । त्यस्ता मुद्दाको प्रकृति हेरी सम्बन्धित कार्यालय वा निकायमा जानको लागि जानकारी गराउनेछन् ।

(क) समुदाय-प्रहरी जिल्ला समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) जिल्लास्तरमा सामुदायिक कार्यक्रमको योजना, समन्वय, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(२) समुदाय-प्रहरी जिल्ला समितिको मासिक बैठक सञ्चालन गर्ने ।

(३) समुदाय-प्रहरी जिल्ला समितिका सदस्यको लागि आवश्यक साझेदार संघसंस्था र नागरिक समाजका प्रतिनिधि चयन गर्ने तथा सदस्यता खारेज गर्ने ।

(४) समुदाय-प्रहरी जिल्ला समितिको साझेदार संघ संस्था र नागरिक समाजका प्रतिनिधिहरूसँगको मासिक अन्तरक्रिया सञ्चालन गर्ने ।

(५) जिल्लास्तरमा सुरक्षा चेतना अभिवृद्धी गर्न आवश्यक क्षेत्र प्राथमिकिकरण गरी वर्षको न्युनतम दुईवटा जिल्ला स्तरीय साझा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा राष्ट्रिय र प्रादेशिक कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(६) जिल्ला स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(७) स्वयंसेवक संस्था र स्वयंसेवक छनौट गर्ने तथा आवश्यकता अनुसार स्वयंसेवकहरूको एकिकृत परिचालन गर्ने ।

(८) वर्षको न्यूनतम २/२ पटक पालिका स्तरीय सामुदायिक कार्यक्रमको स्थलगत अनुगमन गर्ने ।

(९) समुदायको सुरक्षामा स्थानीयको सामूहिक सहभागिता बढाउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरू गर्ने, गराउने ।

(१०) सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, सुरक्षा गार्ड, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्ने, प्रयोग गर्न प्रेरित गर्ने ।

(११) मेला, पर्वमा सूचना तथा समन्वय केन्द्र सञ्चालन गर्न समन्वय गर्ने ।

(१२) दुर्घटना तथा प्रकोप उद्दारमा एकीकृत स्वयंसेवक परिचालन तथा व्यवस्थापन गर्ने ।

(१३) सुरक्षा सचेतनासम्बन्धी कार्यक्रम बनाई विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने, गराउने ।

(१४) समितिले निर्धारण गरेका अन्य कार्यहरू गर्ने ।

(ख) समुदाय-प्रहरी पालिका समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) पालिकास्तरमा सामुदायिक कार्यक्रमको योजना, समन्वय, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(२) समुदाय-प्रहरी पालिका समितिको मासिक बैठक सञ्चालन गर्ने ।

(३) समुदाय-प्रहरी पालिका समितिको साझेदार संघ संस्था र नागरिक समाजका प्रतिनिधिहरूसँगको मासिक अन्तरक्रिया सञ्चालन गर्ने ।

(४) पालिकास्तरमा सुरक्षा चेतना अभिवृद्धी गर्न आवश्यक क्षेत्र प्राथमिकिकरण गरी वर्षको दुईवटा पालिका स्तरीय साझा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा राष्ट्रिय, प्रादेशिक र जिल्लास्तरीय कार्यक्रम कार्यान्वयन गर्ने/गराउने

(५) पालिकास्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(६) पालिका भित्र पर्ने संस्था तथा व्यक्तिहरूलाई स्वयंसेवक संस्था र स्वयंसेवक छनौटको लागि समुदाय-प्रहरी जिल्ला समितिमा सिफारिश गर्ने ।

(७) वर्षको न्यूनतम २/२ पटक मातहत वडाहरूमा सञ्चालित सामुदायिक कार्यक्रमको स्थलगत अनुगमन गर्ने ।

(८) समुदायको सुरक्षामा स्थानीयको सामूहिक सहभागिता बढाउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरू गर्ने, गराउने ।

(९) सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, सुरक्षा गार्ड, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्ने, प्रयोग गर्न प्रेरित गर्ने ।

(१०) मेला, पर्वमा सूचना तथा समन्वय केन्द्र सञ्चालन गर्न समन्वय गर्ने ।

(११) दुर्घटना तथा प्रकोप उद्दारमा एकीकृत स्वयंसेवक परिचालन तथा व्यवस्थापन गर्ने ।

(१२) सुरक्षा सचेतनासम्बन्धी कार्यक्रम बनाई विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने, गराउने ।

(१३) समितिले निर्धारण गरेका अन्य कार्यहरू गर्ने ।

(ग) समुदाय-प्रहरी वडा समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) समुदाय-प्रहरी वडा समितिको मासिक बैठक सञ्चालन गर्ने ।

(२) समुदाय-प्रहरी वडा समितिको साझेदार संघसंस्था र नागरिक समाजका प्रतिनिधिहरूसँगको मासिक अन्तरक्रिया सञ्चालन गर्ने ।

(३) राष्ट्रिय, प्रादेशिक, जिल्ला र पालिकास्तरीय सामुदायिक कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(४) वडा स्तरमा सुरक्षा सचेतना अभिवृद्धि गर्न आवश्यक क्षेत्र पहिचान गरी "एक वडा – एक कार्यक्रम" सञ्चालन गर्ने ।

(५) वडास्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(६) वडा भित्र पर्ने संस्था तथा व्यक्तिहरूलाई स्वयंसेवक संस्था र स्वयंसेवक छनौटको लागि समुदाय-प्रहरी पालिका समिति मार्फत समुदाय-प्रहरी जिल्ला समितिमा सिफारिस गर्ने ।

(७) समुदाय-प्रहरी टोल समिति गठन गर्नको लागि पहल गर्ने आवश्यकता अनुसार राय दिने ।

(८) समुदायको सुरक्षामा स्थानीयको सामूहिक सहभागिता बढाउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरू गर्ने, गराउने ।

(९) सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, सुरक्षा गार्ड, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्ने, प्रयोग गर्न प्रेरित गर्ने ।

(१०) मेला, पर्वमा सूचना तथा समन्वय केन्द्र सञ्चालन गर्न समन्वय गर्ने ।

(११) दुर्घटना तथा प्रकोप उद्धारमा सहयोग तथा समन्वय गर्ने ।

(१२) समितिले निर्धारण गरेका अन्य कार्यहरू गर्ने ।

(घ) समुदाय-प्रहरी टोल समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) समुदाय-प्रहरी टोल समितिको मासिक बैठक सञ्चालन गर्ने।

(२) राष्ट्रिय, प्रादेशिक, जिल्ला, पालिका र वडा स्तरीय कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।

(३) टोलस्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने।

(४) टोल भित्रका संस्था तथा व्यक्तिहरूलाई स्वयंसेवक संस्था र स्वयंसेवकको रूपमा छनौट गर्नेको लागि समुदाय-प्रहरी वडा समितिलाई सहयोग गर्ने।

(५) समुदायको सुरक्षामा स्थानीयको सामूहिक सहभागिता बढाउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरू गर्ने, गराउने।

(६) सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, सुरक्षा गार्ड, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्ने, प्रयोग गर्न प्रेरित गर्ने।

(७) मेला, पर्वमा सूचना तथा समन्वय केन्द्र सञ्चालन गर्न समन्वय गर्ने।

(८) दुर्घटना तथा प्रकोप उद्दारमा सहयोग तथा समन्वय गर्ने।

(९) समितिले निर्धारण गरेका अन्य कार्यहरू गर्ने।

(ङ) विद्यालय-प्रहरी सम्पर्क समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) विद्यालय-प्रहरी सम्पर्क समितिको मासिक बैठक सञ्चालन गर्ने।

(२) विद्यार्थी स्वयंसेवक छनौट गरी स्वयंसेवकको विवरण समुदाय-प्रहरी जिल्ला समितिमा पठाउने।

(३) समुदाय-प्रहरी साझेदारी अन्तरगत केन्द्रीयस्तरबाट विद्यालयको लागि तयार गरिएको "राष्ट्रिय सामुदायिक सुरक्षा पाठ्यक्रम" लागू गराउने।

(४) स्थानीय स्तरमा सुरक्षा दृष्टिकोणले प्रशिक्षण गराउन आवश्यक विषयवस्तु पहिचान गरी आवश्यकता अनुसार स्रोत व्यक्तिको सहयोगमा प्रशिक्षण गराउने।

(५) अभिभावक भेला गरी सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(६) "प्रहरीसँग एक दिन" कार्यक्रम अनुसार प्रहरी कार्यालयको भ्रमण गराई विद्यार्थीहरूलाई प्रहरी कार्यालय र प्रहरी कर्मचारीहरूसंग परिचित हुनमा सहयोग पुऱ्याउने।

(७) समितिले निर्धारण गरेका अन्य कार्यहरू गर्ने।

## ३.२ सामुदायिक प्रहरी महाशाखा/शाखाका जिम्मेवारीहरू

(क) प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, सामुदायिक सुरक्षा महाशाखाको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ :

(१) राष्ट्रिय स्तरमा समुदाय-प्रहरी साझेदारीको संयोजन र व्यवस्थापन गर्ने ।

(२) वर्षको न्यूनतम २ पटक राष्ट्रिय साझेदारहरूको बैठक आयोजना गर्ने ।

(३) राष्ट्रियस्तरमा सुरक्षा चेतना अभिवृद्धि गर्न आवश्यक क्षेत्र प्राथमिकिकरण गरी वर्षको एउटा राष्ट्रिय साझा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(४) राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(५) समुदाय-प्रहरी साझेदारीका लागि आवश्यक राष्ट्रिय नीति निर्माण गर्ने ।

(६) तालिम पाठ्यक्रम र पाठ योजना निर्माण तथा Update गर्ने ।

(७) समुदाय-प्रहरी साझेदारी बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको वार्षिक क्यालेण्डर बनाई सोही अनुसार कार्यान्वयन गर्ने /गराउने ।

(८) प्रशिक्षक प्रशिक्षण तालिम लगायत अन्य तालिमहरू सञ्चालन गर्ने, गराउने ।

(९) आवश्यकता अनुसार संघीय प्रहरी इकाई कार्यालयलाई समेत परिचालन गरी वर्षको न्यूनतम २/२ प्रदेश प्रहरी कार्यालय र महानगरीय प्रहरी कार्यालय तथा मातहतको स्थलगत अनुगमन गर्ने ।

(१०) सामुदायिक कार्यक्रम र विद्यालय सम्पर्क कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन गर्ने ।

(११) आवश्यक साधन स्रोत उपलब्ध गराउने तथा उपलब्ध गराउन समन्वय गर्ने ।

(१२) सुरक्षा सचेतनासम्बन्धी श्रव्यदृश्य, PSA तथा अन्य सुरक्षा सचेतनामूलक सामग्रीहरू तयार गरी वितरण गर्ने तथा राष्ट्रिय सञ्चार माध्यम र सामाजिक सञ्जालहरूबाट प्रचार प्रसार गर्ने, गराउने ।

(१३) सामुदायिक प्रहरी शाखाहरू, प्रहरी कर्मचारीहरू र सञ्चालन हुने कार्यक्रमहरूको समग्र रेखदेख, नियन्त्रण, परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्ने, निर्देशन दिने ।

(१४) अवधारणा कार्यान्वयनका लागि खटिने प्रहरी जनशक्तिको छनौट, सरुवाका लागि सिफारिस, तालिम पाठ्यक्रम निर्माण, तालिम सञ्चालन गर्ने तथा गर्न निर्देशन दिने ।

(१५) दैनिक गतिविधिको प्रमाण सहितको प्रतिवेदन प्रणालीको विकास र अनुगमन गर्ने ।

(१६) मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रतिवेदन तयार गरी सरोकारवाला निकायहरूलाई Share (साझा) गर्ने ।

(ख) प्रदेश/महानगरीय प्रहरी कार्यालय, सामुदायिक प्रहरी शाखाको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ :

(१) वर्षको न्यूनतम २ पटक प्रदेश/महानगरीय साझेदारहरूको बैठक आयोजना गर्ने ।

(२) प्रादेशिक/महानगरीय स्तरमा सुरक्षा चेतना अभिवृद्धी गर्न आवश्यक क्षेत्र प्राथमिकिकरण गरी वर्षको एउटा प्रादेशिक/महानगरीय साझा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा राष्ट्रिय कार्यक्रम कार्यान्वयन गर्ने/गराउने ।

(३) प्रादेशिक/महानगरीय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(४) समुदाय-प्रहरी साझेदारीका लागि आवश्यक प्रादेशिक नीति निर्माण गर्ने ।

(५) समुदाय-प्रहरी साझेदारीको वार्षिक क्यालेण्डर बमोजिम सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने ।

(६) वर्षको न्यूनतम २/२ पटक मातहत कार्यालयबाट सञ्चालित सामुदायिक कार्यक्रमको स्थलगत अनुगमन गर्ने ।

(७) सामुदायिक कार्यक्रम र विद्यालय सम्पर्क कार्यक्रमको प्रभावकारिता मुल्याङ्कन गर्ने ।

(८) प्रदेश/महानगरीय मातहतका कार्यालयका सामुदायिक शाखाहरू, प्रहरी कर्मचारीहरू र सञ्चालन हुने कार्यक्रमहरूको समग्र रेखदेख, नियन्त्रण, परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्ने, निर्देशन दिने ।

(९) मातहत कार्यालयको दैनिक गतिविधिको प्रमाण सहितको प्रतिवेदन विश्लेषण गर्ने तथा प्रहरी प्रधान कार्यालयमा जाहेर गर्ने ।

(१०) मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रतिवेदन मजकुर कार्यालयमा जाहेर गर्ने तथा सरोकारवाला निकायहरूलाई Share (साझा) गर्ने ।

(ग) जिल्ला प्रहरी/महानगरीय परिसर सामुदायिक प्रहरी शाखाको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ :

(१) जिल्ला स्तरमा सामुदायिक प्रहरी अधिकृत (Community Focal Officer) तोक्ने ।

(२) साझेदारीका समितिहरूमा प्रतिनिधित्व गर्ने प्रहरी कर्मचारीहरूको छनौट गर्ने ।

(३) प्रहरी-विद्यालय सम्पर्क अधिकृत (School Liaison Officer) तोक्ने ।

(४) समुदाय-प्रहरी साझेदारीको वार्षिक क्यालेण्डर बमोजिम सञ्चालन हुने कार्यक्रमहरू कार्यान्वयन गर्ने/गराउने ।

(५) सामुदायिक कार्यक्रम र विद्यालय सम्पर्क कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(६) यस अवधारणा बमोजिम परिचालित प्रहरी कर्मचारीहरू र सञ्चालन हुने कार्यक्रमहरूको समग्र रेखदेख, नियन्त्रण, परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्ने, निर्देशन दिने ।

(७) मातहत कार्यालयको दैनिक गतिविधिको प्रमाण सहितको प्रतिवेदन विश्लेषण गर्ने तथा मजकुर कार्यालयमा जाहेर गर्ने ।

(८) मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रतिवेदन तयार गरी समुदाय-प्रहरी जिल्ला समिति र मजकुर कार्यालयमा पेश गर्ने तथा सरोकारवाला निकायहरूलाई Share (साझा) गर्ने ।

(घ) महानगरीय प्रहरी वृत्त, महानगरीय प्रहरी प्रभाग, इलाका प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय सामुदायिक प्रहरी शाखाको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ :

(१) कार्यालयस्तरमा सामुदायिक सम्पर्क अधिकृत (Community Focal Officer) तोक्ने ।

(२) प्रहरी-विद्यालय सम्पर्क अधिकृत (School Liaison Officer) तथा साझेदारीका समितिहरूमा समन्वय गर्ने सामुदायिक सम्पर्क अधिकृत (Community Focal Officer) तोक्ने ।

(३) प्रहरी-विद्यालय सम्पर्क कार्यक्रमको बैठक सञ्चालनको लागि आवश्यक समन्वय गर्ने, सहभागि हुने ।

(४) समुदाय-प्रहरी साझेदारीको वार्षिक क्यालेण्डर बमोजिम सञ्चालन हुने कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने ।

(५) यस अवधारणा बमोजिम परिचालित प्रहरी कर्मचारीहरू र सञ्चालन हुने कार्यक्रमहरूको समग्र रेखदेख, नियन्त्रण, परिचालन, अनुगमन तथा मूल्याङ्कन गर्ने, निर्देशन दिने ।

(६) सुरक्षा सचेतनाका लागि पर्चा, पम्प्लेट तयार गरी वितरण गर्ने गराउने ।

(७) आफ्नो जिम्मेवारी क्षेत्रभित्रका घर धनी, भाडामा बस्ने व्यक्ति, विशिष्ट तथा अति विशिष्ट व्यक्ति, राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय भद्र भलादमी, नागरिक समाज, महत्वपूर्ण प्रतिष्ठान, होटल, लज, रेष्टुरेन्ट, गुम्बा, चर्च, मस्जिद, मठमन्दिर, आपराधिक प्रवृत्तिका व्यक्ति, फरार अपराधी, कैद भुक्तान गरी बसेका व्यक्ति आदिको अभिलेखीकरण गर्ने ।

(८) मातहत कार्यालयको दैनिक गतिविधिको प्रमाण सहितको प्रतिवेदन विश्लेषण गर्ने तथा मजकुर कार्यालयमा जाहेर गर्ने ।

(९) मासिक, त्रैमासिक र वार्षिक रूपमा प्रतिवेदन तयार गरी समुदाय-प्रहरी पालिका समिति र मजकुर कार्यालयमा पेश गर्ने तथा सरोकारवाला निकायहरूलाई Share (साझा) गर्ने ।

(ङ) समुदाय-प्रहरी साझेदारीको लागि प्रहरी चौकीस्तरको काम, कर्तव्य र जिम्मेवारी निम्नानुसार हुनेछ :

(१) समुदाय-प्रहरी साझेदारी अन्तरगतका कार्यक्रमहरू तदारूकताका साथ कार्यान्वयन गर्ने ।

(२) जिम्मेवार क्षेत्रका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

(३) समुदायको सुरक्षामा स्थानीयको सामूहिक सहभागिता बढाउन प्रोत्साहन हुने किसिमका कार्यक्रमहरू गर्ने, गराउने ।

(४) सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, सुरक्षा गार्ड, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्ने, प्रयोग गर्न प्रेरित गर्ने ।

(५) स्थानीय तह, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरू, शैक्षिक संस्था, नागरिक समाज, उद्योगी तथा व्यापारी तथा व्यवसायी, टोल सुरक्षा समिति, टोल सुधार समिति, आमा समुह, युवा क्लव, स्थानीय बासिन्दा र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्न सामुदायिक प्रहरीलाई सहजीकरण गर्ने ।

(६) मेला, पर्वमा सूचना तथा समन्वय केन्द्र सञ्चालन गर्न समन्वय गर्ने ।

(७) सुरक्षा सचेतनाका लागि पर्चा, पम्प्लेट तयार गरी वितरण गर्ने ।

(८) आफ्नो जिम्मेवारी क्षेत्रभित्रका घर धनी, भाडामा बस्ने व्यक्ति, विशिष्ट तथा अति विशिष्ट व्यक्ति, राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय भद्र भलादमी, नागरिक समाज, महत्वपूर्ण प्रतिष्ठान, होटल, लज, रेष्टुरेन्ट, गुम्बा, चर्च, मस्जिद, मठमन्दिर, आपराधिक प्रवृत्तिका व्यक्ति, फरार अपराधी, कैद भुक्तान गरी बसेका व्यक्ति आदिको अभिलेखीकरण गर्ने ।

(९) सामुदायिक दैनिक गतिविधिको प्रमाण सहितको प्रतिवेदन विश्लेषण गर्ने तथा मजकुर कार्यालयमा जाहेर गर्ने ।

(१०) तोकिएका अन्य कार्य गर्ने ।

### ३.३ समुदाय-प्रहरी साझेदारी अन्तर्गत सामुदायिक प्रहरी अधिकृतको काम, कर्तव्य र जिम्मेवारी

(क) जिल्ला/ वृत्त/ इलाका/ वडा/ प्रभाग स्तरीय सामुदायिक सम्पर्क अधिकृतको (Community Focal Officer) काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) सामुदायिक प्रहरी शाखाको प्रमुखको रूपमा कार्य गर्ने।

(२) समुदाय-प्रहरी साझेदारी अन्तरगत वार्षिक क्यालेण्डरका कार्यक्रम र न्युनतम साझा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकाय, संघ-संस्थासंग समन्वय र सहकार्य गर्ने।

(३) सामुदायिक सम्पर्क अधिकृत र विद्यालय सम्पर्क अधिकृत तोक्नको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने।

(४) सामुदायिक सम्पर्क अधिकृत तथा विद्यालय सम्पर्क अधिकृतहरूलाई औपचारिक तथा अनौपचारिक प्रशिक्षण दिने तथा ब्रिफिङ गर्ने।

(५) सामुदायिक सम्पर्क अधिकृत र विद्यालय सम्पर्क अधिकृतहरूलाई जिम्मेवारी दिने, निरीक्षण गर्ने र निर्देशन दिने।

(६) समुदाय-प्रहरी साझेदारीका प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि राख्नुपर्ने अभिलेख राख्ने तथा जाहेर गर्ने।

(७) तोकिए बमोजिम अनुगमन तथा मुल्याङ्कन र अन्य कार्य गर्ने।

(ख) साझेदारीका समितिहरूमा प्रतिनिधित्व गर्ने सामुदायिक सम्पर्क अधिकृतको (Community Focal Officer) काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) जिम्मेवार क्षेत्रका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यमा समुदाय-प्रहरी साझेदारी अन्तरगतका कार्यक्रमहरू तदारूकताका साथ कार्यान्वयन गर्ने।

(२) जिम्मेवारी तोकिएको वडा, टोलमा शान्ति सुरक्षासँग सम्बन्धित विषयमा जानकारी राख्ने।

(३) स्थानीय समुदाय र प्रहरी कार्यालयबीच सहजकर्ताको भूमिका निर्वाह गर्ने।

(४) समुदाय र प्रहरीको साझेदारी बढाउन वडा, टोल स्तरमा सञ्चालन हुने सामाजिक क्रियाकलापहरूमा सहभागी हुने।

(५) समुदाय-प्रहरी टोल समिति गठनका लागि प्रेरित गर्ने तथा सहजीकरण गर्ने।

(६) हरेक नागरिकको घर दैलोमा पुगी सुरक्षा सतर्कता तथा सचेतना बढाउन पर्चा, पम्पलेट वितरण एवं छलफल गर्ने, सामुदायिक सुरक्षा र सचेतना, अपराध रोकथाम, प्रहरी सेवा र सम्पर्क नम्बरसहितको जानकारी प्रवाह गर्ने तथा वस्तुगत परिस्थितिको जानकारी एवं नागरिकका गुनासा तथा राय सुझाव लिने।

(७) समुदाय-प्रहरी टोल समितिका संयोजकसँगको समन्वयमा समितिको बैठक राख्ने।

(८) समुदाय-प्रहरी टोल समितिले गरेका क्रियाकलाप, घर धनी, भाडामा बस्ने व्यक्ति, विशिष्ट तथा अति विशिष्ट व्यक्ति, राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय भद्र भलादमी, नागरिक समाज, महत्वपूर्ण प्रतिष्ठान, होटल, लज, रेष्टुरेन्ट, गुम्वा, चर्च, मस्जिद, मठमन्दिर, आपराधिक प्रवृत्तिका व्यक्ति, फरार अपराधी, कैद भुक्तान गरी बसेका व्यक्ति आदिको जानकारी राख्ने।

(९) दुर्घटना तथा प्रकोप उद्दार, महिला तथा बालबालिका र जेष्ठ नागरिकलाई सहयोग गर्ने र सहयोगका लागि स्थानीय नागरिकलाई प्रेरित गर्ने।

(१०) कामको प्रगति विवरण दैनिक रूपमा सामुदायिक प्रहरी शाखामा जाहेर गर्ने।

(११) सामुदायिक प्रहरी शाखाबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने साथै तोकिएका अन्य कार्य गर्ने।

(ग) प्रहरी-विद्यालय सम्पर्क अधिकृतको (School Liaison Officer) काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ:

(१) जिम्मेवार क्षेत्रका विद्यालयहरूसँग समन्वय गरी प्रहरी-विद्यालय सम्पर्क समिति गठन गर्न पहल गर्ने।

(२) विद्यालयस्तरमा सुरक्षा सतर्कता तथा सचेतना बढाउन विद्यालय सम्पर्क कार्यक्रम सञ्चालन गर्ने।

(३) "प्रहरीसँग एक दिन" कार्यक्रमको लागि आवश्यक समन्वय गर्ने।

(४) "राष्ट्रिय सामुदायिक सुरक्षा पाठ्यक्रम" प्रशिक्षण गराउन पहल गर्ने।

(५) प्रहरी-विद्यालय सम्पर्क समितिको संयोजकसँगको समन्वयमा समितिको बैठक राख्ने।

(६) विद्यालयमा सुरक्षाका साधनहरू जस्तै: सडक बत्ती, CCTV, Security Siren, Smoke Detector, Fire Extinguisher आदि जडान गरी प्रयोग गर्न प्रेरित गर्ने।

(७) कामको प्रगति विवरण दैनिक रूपमा सामुदायिक प्रहरी शाखामा जाहेर गर्ने।

(८) सामुदायिक प्रहरी शाखाबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने साथै तोकिएका अन्य कार्य गर्ने।

# ४. समुदाय-प्रहरी साझेदारीको कार्यक्षेत्र

## ४.१ समुदाय-प्रहरी साझेदारीको कार्यक्षेत्र

अपराधिक घटनाहरू बेरोजगारी, अशिक्षा, न्यून आयश्रोत, गरीबी, एकल-अभिभावक परिवार, लागू औषध दुर्व्यसन, मादक पदार्थ सेवन, बढ्दो शहरीकरण (अव्यवस्थित वस्ती) अस्थिर जनसंख्या (बसाई-सराई) लगायतका सामाजिक कारणहरूसँग पनि अन्तर-सम्बन्धित हुने गर्दछन् । यस्ता अपराधिक गतिविधिसँग जोडिएर आएका यस्ता आर्थिक र सामाजिक कारणहरूलाई समयमै पहिचान गरी उपयुक्त कदम चाल्न सकेमा अपराध रोकथाम गर्न मद्दत पुग्दछ । त्यसैले अपराध रोकथाम तथा सामाजिक सुरक्षा सचेतना अभिवृद्धी गराउने कार्य प्रहरीको एकल प्रयासबाट मात्र प्राय: असम्भव हुन्छ भन्ने तथ्यलाई मनन् गर्दै समुदाय-प्रहरी साझेदारीको अवधारणा अनुरूप सम्पूर्ण सरोकारवालाहरूको सामूहिक प्रयासबाट अपराध रोकथाम तथा सामुयदिक सुरक्षा सचेतना अभिवृद्धि गर्ने कार्य गरिनेछ । समुदाय-प्रहरी साझेदारीका मुख्य कार्यक्षेत्रहरू देहायबमोजिम हुनेछन् :

**(क)सामुदायिक सचेतना तथा अपराध रोकथाम:** सामुदायिक सुरक्षा सचेतना अपराध रोकथामको सबैभन्दा महत्वपूर्ण पक्ष हो । आम नागरिकको सानो लापरवाही अपराधीक प्रवृत्तीका मानिसहरूका लागि ठूलो मौका बन्न सक्दछ । त्यसैले अपराध रोकथाम वा न्यूनीकरण गर्न तथा समुदायमा सुरक्षा सचेतना अभिवृद्धी गर्नको लागि समुदाय-प्रहरी साझेदारीको माध्यमबाट विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(ख)प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम:** बालबालिकाहरू अपराधको उच्च जोखिम रहेको वर्गमा पर्दछन् । बालबालिकाहरूलाई अपराध उन्मुख हुनबाट तथा पीडित हुनबाट जोगाउन, सामुदायिक सेवाको भावना अभिवृद्धि गर्न र असल र जिम्मेवार नागरिकको रूपमा विकास गर्नको लागि योजनाबद्ध रूपमा सामुदायिक सुरक्षाका विविध विषयहरूमा प्रशिक्षण प्रदान गरिनेछ । त्यसैगरी बालबालिकाको सुरक्षा तथा सुरक्षित समाज निर्माणको लागि अपनाउनु पर्ने सुरक्षा सजगता र जिम्मेवारी समेत समेटेर अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारी सुरक्षा समन्वय:** स्थानीय तहका सामाजिक सुरक्षा, न्यायिक जिम्मेवारीहरू तथा सेवा प्रवाहमा स्थानीय तहको आवश्यकता अनुरूप स्थानीय प्रहरी ईकाईबाट प्रहरी कार्यको क्षेत्राधिकारको अधिनमा रही निरन्तर रूपमा प्रभावकारी सुरक्षा समन्वयको व्यवस्था

मिलाइनेछ । सामुदायिक प्रहरी अधिकृत तथा सामुदायिक सम्पर्क अधिकृतले स्थानीय तहसंग नियमित समन्वय र सम्पर्क गर्नेछन् ।

(घ) **CCTV लगायतका प्राविधिक सुरक्षा उपकरणको स्थापना र विस्तार:** समुदायको सुरक्षा सुदृढीकरणका लागि सम्बद्ध सरोकारवालाहरू सँग सहकार्य गरी सुरक्षाको दृष्टिकोणले सम्वेदनशिल र महत्वपूर्ण स्थानहरूमा CCTV लगायतका प्राविधिक सुरक्षा उपकरणहरू स्थापना तथा विस्तार गरिनेछ । व्यवसायिक र निजी सुरक्षाको लागि जडान गरिएका CCTV हरूलाई समेत सम्बद्ध संस्था तथा व्यक्तिहरूसँग समन्वय गरी समुदाय सुरक्षाको प्रणालीको रूपमा अभिलेखीकरण गरिनेछ । क्रमिक रूपमा CCTV हरूलाई एकीकृत अनुगमन प्रणालीमा विकास गरी समुदाय विशेषका गतिविधिहरू एकै स्थानबाट अनुगमन गर्न सक्ने व्यवस्थाको लागि पहल गरिनेछ । त्यसैगरी समुदाय स्तरमा Community Siren System, Smoke Detector, Fire Extinguisher लगायतका सुरक्षा उपकरणहरू जडान गर्नको लागि प्रेरित गरिनेछ । Siren System लाई प्रहरीको आकस्मिक नम्बर १०० मा जोडी क्रमिक रूपमा GIS को माध्यमबाट प्रहरी कन्ट्रोल रूपमा Mapping गर्ने समेतको व्यवस्था मिलाई छिटो, छरितो र प्रभावकारी रूपमा प्रहरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) **सामुदायिक गस्ती र प्रभावकारी प्रहरी परिचालन:** स्थानीय प्रहरी कार्यालयहरूले सम्बन्धित स्थानीय तहमा नियमित रूपमा सामुदायिक गस्ती गर्नेछन् । स्थानीय प्रहरीले स्थानीय तहका विद्यमान विकृति विसंगति, अपराध र अपराधिहरूको बारेमा जानकारी राखी सामुदायिक गस्तीको क्रममा निरन्तर अनुगमन गर्नेछन् । सुरक्षित समाज निर्माणको लागि नियमित गस्तीका साथै फरार अपराधीहरू पक्राउ, आपराधिक गतिविधिहरू हुन सक्ने सम्भाव्य स्थानहरूको नियमित निगरानी जस्ता क्रियाकलापमा तिव्रता दिनेछन् । सामुदायिक गस्तीको क्रममा प्रहरीले स्थानीय तहका प्रतिनिधिहरू, समुदायका सदस्य, टोल, समुह, संस्थाहरूसँग अन्तरक्रिया वा बैठकहरू गर्नेछन । त्यसैगरी खराब आचरण भएका व्यक्ति र अपराध उन्मुख व्यक्तिको बारेमा अभिलेख राख्नुका साथै उनिहरूको क्रियाकलापको बारेमा समेत जानकारी राख्नेछन् ।

(च) **एकीकृत स्वयंसेवक परिचालन:** समुदाय-प्रहरी साझेदारीमा आबद्ध संस्था, विद्यार्थी तथा अन्य व्यक्तिहरूलाई 'स्वयंसेवक' को मान्यता दिई एकीकृत परिचालन गरिनेछ । स्वयंसेवकहरूको अभिलेखीकरण (Roster) गरिनेछ । स्वयंसेवक संस्था (Volunteer Organizations), विद्यार्थी

स्वयंसेवक (Student Volunteers), स्वयंसेवक (Volunteers) गरी तीन किसिमका स्वयंसेवकहरूको छुट्टा-छुट्टै विवरण तयार गरिनेछ।

<u>**स्वयंसेवकको परिचालन**</u>

(१) स्वयंसेवकहरूको विशेषज्ञता र क्षमता सम्बन्धी विवरणहरू संकलन गरी अभिलेखीकरण गरिनेछ।

(२) जिल्ला प्रहरी कार्यालय र स्थानीय तहमा रहेका प्रहरी कार्यालयहरूले स्वयंसेवकहरूको अभिलेख राखी आवधिक रूपमा अद्यावधिक गर्नेछन्।

(३) विषय र सन्दर्भ अनुरूप स्वयंसेवकहरूको विशेषज्ञता र क्षमतालाई समेत उपयोग गरिनेछ।

(४) आवश्यकता अनुसार स्वयंसेवकहरूको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

(५) विशेष गरी वातावरण संरक्षण, विपद व्यवस्थापन र जनचेतनामूलक कार्यक्रमहरूमा स्वयंसेवकहरूको एकीकृत र समन्वयात्मक परिचालन गरिनेछ।

<u>**सामुदायिक सेवाको प्रमाणपत्र**</u>

(१) निश्चित मापदण्ड पुरा गरेपश्चात (कार्यक्रम आयोजना तथा सहभागिता) आधारमा स्वयंसेवक संस्थाहरूलाई सामुदायिक सेवाको प्रमाणपत्र प्रदान गरिनेछ।

(२) विद्यार्थी स्वयंसेवक र अन्य स्वयंसेवकहरूको हकमा सामुदायिक कार्यक्रमहरूमा संयोजन वा महत्वपूर्ण जिम्मेवारी बहन गरे अनुरुप सामुदायिक सेवाको प्रमाणपत्र प्रदान गरिनेछ।

(३) प्रमाणपत्र प्रदान गर्नको लागि निश्चित मापदण्ड निर्धारण गरिनेछ।

(छ) **फरार अपराधी पक्राउमा समुदायको रचनात्मक सहयोग:** अपराधिक घटनामा संलग्न रही फरार रहेका अपराधी/अभियुक्तहरू विभिन्न छद्म भेषमा कुनै न कुनै समुदायमा रहेका हुन्छन्। त्यसैले त्यस्ता अपराधी/अभियुक्तहरूको खोजतलास, पहिचान र पक्राउ कार्यमा समुदायले प्रहरीलाई रचनात्मक सहयोग पुऱ्याउन सक्दछ। विशेष गरी Social Security Number, National ID Number जस्ता कुनै अद्वितीय (unique) नम्बर नरहेको हाम्रो जस्तो मुलुकमा व्यक्तिगत विवरण चेकजाँच गर्नको लागि कठीन

हुने भएकोले हरेक समुदाय वा टोलले उक्त क्षेत्र भित्र बसोबास गर्ने व्यक्तिहरूको फोटो सहितको विवरण संकलन गरी अभिलेखीकरण गरेमा फरार अपराधी पक्राउ गर्न तथा अपराध रोकथाम गर्न महत्वपूर्ण योगदान पुग्दछ । तसर्थ टोल, समुदायस्तरमा बसोबास गर्ने व्यक्तिहरूको व्यक्तिगत विवरण व्यवस्थित रूपमा अभिलेख राख्ने पद्दतीको विकास गरिनेछ ।

(ज) **सूचना आदान प्रदान:** स्थानीय तह, सामाजिक संघ-संस्था लगायत अन्य सरोकारवाला निकायहरूसंग छरिएर रहेका सूचना तथा तथ्याङ्कहरूमा अपराध अनुसन्धान, सेवा प्रवाह लगायतका प्रयोजनको लागि नेपाल प्रहरीले जानकारी लिन सक्ने व्यवस्था मिलाईनेछ ।

(झ) **तथ्याङ्क संकलन/अद्यावधिक:** सेवा प्रवाह र समुदायको प्रभावकारी सुरक्षा व्यवस्थापनको लागि उक्त समुदायमा बसोबास गर्ने व्यक्ति, सञ्चालित व्यवसाय र आवत जावत गर्ने व्यक्तिहरूको विवरण अभिलेखीकरण गर्न आवश्यक हुने भएकोले घर धनी, भाडामा बस्ने व्यक्ति, विशिष्ट तथा अति विशिष्ट व्यक्ति, राजनैतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय भद्र भलादमी, नागरिक समाज, महत्वपूर्ण प्रतिष्ठान, होटल, लज, रेष्टुरेन्ट मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद, आदिको विवरण संकलन गरिनेछ । त्यसैगरी खराब आचरण भएका व्यक्ति, फरार अपराधी, कैद भुक्तान गरी बसेका व्यक्तिहरूको बारेमा विवरण संकलन गरी उनीहरूको गतिविधिको बारेमा जानकारी राखिनेछ । यस कार्यक्रम मार्फत प्रहरी सेवा थप प्रभावकारी बनाउनको लागि लक्षित गरिनुपर्ने क्षेत्रहरू समेत पहिचान गरिनेछ ।

(ञ) **वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दोहन नियन्त्रण:** अन्तरराष्ट्रिय तथा राष्ट्रिय प्राथमिकता रहेको वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दोहन नियन्त्रण मुख्यतः: स्थानीय तहको जिम्मेवारी क्षेत्र भित्र रहेको छ । संगठित रूपमा व्यापारिक प्रयोजनको लागि वा व्यक्तिगत रूपमा हुने प्राकृतिक स्रोतको दोहन नियन्त्रणको लागि स्थानीय तहको अगुवाईमा नेपाल प्रहरी, सामाजिक संघसंस्था लगायतका सरोकारवालाहरूको सामूहिक पहलमा वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दोहन नियन्त्रण गरिनेछ ।

# ५. समुदाय-प्रहरी साझेदारीको प्राथमिकता र गतिविधिहरू

समुदाय-प्रहरी साझेदारी निर्माणको मुख्यगरी सामुदायिक केन्द्रित र विद्यालय केन्द्रित गरी दुईवटा दृष्टिकोणबाट कार्यक्रमहरू सञ्चालन गरिनेछ । यसरी सञ्चालन हुने कार्यक्रमका मुख्य प्राथमिकता र गतिविधिहरू देहाय बमोजिम हुनेछन्:

## ५.१ समुदाय केन्द्रित कार्यक्रमको प्राथमिकता र गतिविधिहरू

अ) **सामुदायिक कार्यक्रमका प्राथमिकता:-** समुदाय-प्रहरी साझेदारी समितिहरूको माध्यमबाट स्थानीय सुरक्षा चुनौतीहरू, सामाजिक विकृति, विसंगतिहरू र अपराध उन्मुख समस्याहरूको पहिचान गरी जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस अन्तर्गत देहायका कार्यक्रमहरूलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ र स्थानीयस्तरको शान्ति सुरक्षाको अवस्था अनुसार थप अन्य कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखी सामुदायिक सचेतना अभिवृद्धि गर्न सकिनेछ:

(१) आधारभूत सुरक्षा

(२) प्रहरी र स्थानीय तहबाट प्राप्त हुने सेवा तथा सहयोग

(३) CCTV र अन्य सुरक्षा उपकरणको स्थापना र विस्तार

(४) महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरूद्धका अपराध र हिंसा नियन्त्रण

(५) बाल विवाह/दाइजो/छाउपडी/बोक्सी प्रथा र सामाजिक विकृती नियन्त्रण

(६) मानव बेचबिखन नियन्त्रण

(७) एकीकृत घुम्ती शिविर (स्वास्थ्य, प्रशासनिक)

(८) सडक सुरक्षा

(९) लागू औषध निषेध र मदिरा नियन्त्रण

(१०) विपद् व्यवस्थापन

(११) साईवर सुरक्षा (ईन्टरनेट र सामाजिक सञ्जालको सुरक्षित प्रयोग)

(१२) वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दोहन नियन्त्रण

**आ) सामुदायिक कार्यक्रमका गतिविधिहरू**

(१) पर्चा, पम्पलेट, हाते पुस्तिका, सचेतनामूलक अन्य सामग्री वितरण

(२) घरदैलो कार्यक्रम

(३) प्रशिक्षण

(४) सामुदायिक गस्ती

(५) अन्तरक्रिया

(६) सामुदायिक बैठक

(७) खेलकुद

(८) श्रव्यदृष्य

(९) र्‍याली

(१०) सार्वजनिक सुनुवाई

(११) शिविर

(१२) सांस्कृतिक कार्यक्रम

(१३) मिडिया परिचालन

(१४) विशेष कार्यक्रम सञ्चालन (वृक्षारोपण, सरसफाई आदि)

(१५) अन्य रचनात्मक माध्यमहरू

## ५.२ विद्यालय केन्द्रित कार्यक्रम

बालबालिकाहरू अपराधको उच्च जोखिम रहेको वर्गमा पर्दछन् । बालबालिकाहरूलाई अपराध उन्मुख हुनबाट तथा पीडित हुनबाट जोगाउन, सामुदायिक सेवाको भावना अभिवृद्धि गर्न र असल र जिम्मेवार नागरिकको रूपमा विकास गर्नको लागि योजनाबद्ध रूपमा सामुदायिक सुरक्षाका विविध विषयहरूमा प्रशिक्षण प्रदान गरिनेछ । त्यसैगरी बालबालिकाको सुरक्षा तथा सुरक्षित समाज निर्माणको लागि अपनाउनु पर्ने सुरक्षा सजगता र जिम्मेवारी समेत समेटेर अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**अ) <u>विद्यालय सम्पर्क कार्यक्रम: पाठ्यक्रम</u>**

(१) आधारभूत सुरक्षा सचेतना

(२) आकस्मिक नम्बरहरूको प्रयोग (१००, १०३ र १०४)

(३) महिला तथा बालबालिकाविरूद्ध हुने हिंसा तथा अपराध

(४) अपराध रोकथाम र जिम्मेवारी

(५) साईवर सुरक्षा

(६) आधारभूत कानून र मानव अधिकार

(७) सडक सुरक्षा

(८) लागू औषध निषेध, मादक पदार्थ र सुर्तीजन्य पदार्थको नकारात्मक प्रभाव

(९) विपद् जोखिम न्युनीकरण

**आ) विद्यालय-सम्पर्क कार्यक्रम: गतिविधि**

(१) प्रार्थना सम्बोधन

(२) अन्तरक्रियात्मक प्रवचन

(३) प्रयोगात्मक अभ्यास

(४) अभिभावक भेला

(५) अन्तरक्रिया

(६) भूमिका निर्वाह

(७) खेलकुद

(८) श्रव्यदृश्य

(९) र्‍याली

(१०) जनचेतना

(११) विद्यार्थी स्वयंसेवक

(१२) सांस्कृतिक कार्यक्रम

(१३) अन्य रचनात्मक माध्यमहरू

प्रहरी प्रधान कार्यालयले बार्षिक रूपमा पाठ्यक्रम र श्रव्यदृष्य सामाग्रीहरूको पुनरावलोकन गर्नेछ र निरन्तर रूपमा परिष्कृत गर्दै लैजाने छ। त्यसैगरी स्थानीय आवश्यकता अनुसारका अन्य पाठ्यसामग्रीहरू र श्रव्यदृष्य सामाग्रीहरू समेत तयार गरी प्रशिक्षण प्रदान गरिनेछ । बिशेष गरी माध्यमिक तहका विद्यार्थीहरूलाई **"प्रहरीसँग एक दिन"** अवधारणा अनुरुप प्रहरीका विभिन्न कार्यालयहरूको भ्रमण गराउने तथा ट्राफिक व्यवस्थापन लगायतका विभिन्न सामुदायिक गतिविधिहरूमा स्वयंसेवकको रूपमा अनुभव गराइनेछ।

# ६. नियमित रूपमा सञ्चालन हुने बैठक तथा न्यूनतम साझा कार्यक्रम

## ६.१ नियमित बैठक तथा अन्तरक्रियाहरू

समुदाय-प्रहरी साझेदारीका विभिन्न तहमा न्युनतम निम्न संख्यामा बैठकहरू आयोजना गरिनेछ :

| सि.नं. | कार्यक्रम | न्यूनतम रूपमा सम्पन हुने बैठक |
|---|---|---|
| १ | राष्ट्रिय साझेदारहरूको बैठक (प्रहरी प्रधान कार्यालयले आयोजना गर्ने) | वार्षिक २ पटक |
| २ | प्रादेशिक/महानगरीय साझेदारहरूको बैठक (प्रदेश/महानगरीय प्रहरी कार्यालयले आयोजना गर्ने) | वार्षिक २ पटक |
| ३ | समुदाय प्रहरी जिल्ला/ पालिका/ वडा समितिहरूमा साझेदार संघ संस्था र नागरिक समाजका प्रतिनिधिहरूसँग अन्तरक्रिया | मासिक १ पटक |
| ४ | समुदाय प्रहरी टोल समितिहरूमा साझेदार संघ संस्था र नागरिक समाजका प्रतिनिधिहरूसँग अन्तरक्रिया | मासिक १ पटक |
| ५ | विद्यालय-सम्पर्क समितिको बैठक | २ महिनामा १ पटक |

## ६.२ न्यूनतम साझा सामुदायिक कार्यक्रम (Common Minimum Community Program)

वार्षिक न्यूनतम साझा कार्यक्रमहरू निम्नानुसार हुनेछन्:

| सि.नं. | कार्यक्रम | न्यूनतम वार्षिक साझा कार्यक्रम | सञ्चित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय सामुदायिक कार्यक्रम | १ | १ | प्रहरी प्रधान कार्यालयले शान्ति सुरक्षाको राष्ट्रिय चासोको विषयमा निर्धारण गरेको कार्यक्रम |
| २ | प्रादेशिक सामुदायिक कार्यक्रम | १ | २ | प्रदेश प्रहरी कार्यालयले शान्ति सुरक्षाको प्रादेशिक चासोको विषयमा निर्धारण गरेको कार्यक्रम |
| ३ | जिल्ला स्तरीय सामुदायिक कार्यक्रम | २ | ४ | समुदाय-प्रहरी जिल्ला समितिले उपयुक्त विषयमा निर्धारण गरेको कार्यक्रम |
| ४ | पालिका स्तरीय सामुदायिक कार्यक्रम | २ | ६ | समुदाय-प्रहरी पालिका समितिले उपयुक्त विषयमा निर्धारण गरेको कार्यक्रम |
| ५ | "एक वडा-एक कार्यक्रम" | १ | ७ | समुदाय-प्रहरी वडा समितिले उपयुक्त विषयमा निर्धारण गरेको कार्यक्रम |

* सञ्चित कार्यक्रम (Cumulative Programs) भन्नाले माथिल्लो तहका कार्यक्रमहरू समेत गरी कार्यान्वयन गर्नु पर्ने कुल कार्यक्रमहरूको संख्यालाई बुझाउँदछ । उदाहरणको लागि वडा तहले राष्ट्रिय कार्यक्रम-१, प्रादेशिक कार्यक्रम-१, जिल्ला स्तरीय कार्यक्रम-२, पालिका स्तरीय कार्यक्रम-२ र वडा बिशेषकै १ कार्यक्रम समेत गरी कुल ७ कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्नेछ ।

### ६.३ न्यूनतम प्रहरी - विद्यालय सम्पर्क कार्यक्रम (Minimum School Liaison Program)

प्रहरी-विद्यालय सम्पर्क कार्यक्रम अन्तर्गत न्युनतम साझा कार्यक्रमको रुपमा माध्यमिक तहसम्म (१२ कक्षा सम्म) का विद्यालयहरूलाई लक्षित गरी "एक विद्यालय - एक कार्यक्रम" लागू गरिनेछ । प्रहरी विद्यालय सम्पर्क समिति गठन भएका वा नभएका विद्यालयहरूमा समेत प्रहरी प्रधान कार्यालयले विकास गरेको 'राष्ट्रिय सामुदायिक सुरक्षा पाठ्यक्रम' को आधारमा बार्षिक न्युनतम एक कार्यक्रम लागू गरिनेछ । यस कार्यक्रम अनुसार राष्ट्रिय तहमा बार्षिक न्युनतम पनि विद्यालय संख्या बराबर (विद्यमानमा ३५,६०१) विद्यालय सम्पर्क कार्यक्रमहरू सञ्चालन हुनेछन् ।

***नोट: न्युनतम कार्यक्रमहरूका अलावा समुदाय-प्रहरी समितिहरूले थप साझा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन । साझा कार्यक्रमहरूका साझेदार संघ संस्थाहरूले संस्थागत उद्देश्य अनुरुप नियमित र अन्य कार्यक्रमहरू समेत सञ्चालन गर्न सक्नेछन् ।***

# ७. व्यवस्थापन

## ७.१ जनशक्ति व्यवस्थापन

एक वडा-दुई प्रहरी (जुनियर प्रहरी अधिकृत-१, प्रहरी हवल्दार/जवान-१) को दुरदृष्टि सहित विद्यमान साझेदारीका संरचनाहरूमा मौजुदा सामुदायिक प्रहरीको दरबन्दीमा रहेका प्रहरी कर्मचारीहरू र अन्य प्रहरी कर्मचारीहरूबाट व्यवस्थापन गरिनेछ।

साझेदारीका तहगत संरचनाहरूमा निम्नानुसारको मापदण्डमा नेपाल प्रहरीको प्रतिनिधित्व हुनेछ:

| सि. नं. | प्रहरी प्रतिनिधित्व | काठमाण्डौ र ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका | अन्य महानगरपालिका/ उपमहानगरपालिका | नगरपालिका/गाउँपालिका |
|---|---|---|---|---|
| १ | समुदाय-प्रहरी जिल्ला समिति (सह-संयोजक) | जिल्ला प्रहरी प्रमुख (१) | | |
| २ | समुदाय-प्रहरी जिल्ला समिति (सदस्य - सचिव) | जिल्ला प्रहरी कार्यालयको सामुदायिक सम्पर्क अधिकृत (Community Focal Officer) (१) | | |
| ३ | समुदाय-प्रहरी पालिका समिति (सह-संयोजक) | प्रहरी उपरीक्षक/प्रहरी नायव उपरीक्षक (१) | प्रहरी नायव उपरीक्षक/प्रहरी निरीक्षक (१) | प्रहरी नायव उपरीक्षक/प्रहरी निरीक्षक (१) |
| ४ | समुदाय-प्रहरी पालिका समिति (सदस्य - सचिव) *(सम्भव भएसम्म स्थानीय प्रहरी कार्यालय प्रमुख)* | प्रहरी निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) |
| ५ | समुदाय-प्रहरी वडा समिति (सह-संयोजक) | प्रहरी वृत्त - प्रहरी निरीक्षक (१)<br>प्रहरी प्रभाग - प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक वा प्रहरी हवल्दार/जवान (१) |
| ६ | समुदाय-प्रहरी वडा समिति (सदस्य-सचिव) | प्रहरी वृत्त - प्रहरी नायव/सहायक निरीक्षक (१)<br>प्रहरी प्रभाग - प्रहरी हवल्दार/जवान (१) | प्रहरी हवल्दार/जवान (१) | प्रहरी हवल्दार/जवान (१) |
| ७ | विद्यालय सम्पर्क प्रहरी | वडा समितिहरूमा प्रतिनिधित्व गर्ने प्रहरी कर्मचारीहरूले नै सम्बन्धित वडामा रहेका विद्यालयहरूमा 'विद्यालय सम्पर्क प्रहरी' को रुपमा काम गर्नेछन।<br>तथापी, वडा समितिहरू निर्माण नहुँदाको अवस्थामा पनि सम्बन्धित प्रहरी ईकाईहरूबाट विद्यालय सम्पर्क समितिहरू गठन गर्न सकिनेछ। | | |

### ७.२ कार्यालय व्यवस्थापन

(क) समुदाय-प्रहरी जिल्ला समितिको कार्यालय सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा रहनेछ।

(ख) समुदाय-प्रहरी पालिका समितिको कार्यालय सम्बन्धित स्थानीय प्रहरी ईकाईमा रहनेछ।

(ग) समुदाय-प्रहरी वडा समितिको कार्यालय सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा रहनेछ।

(घ) प्रहरी-विद्यालय सम्पर्क समितिको कार्यालय सम्बन्धित विद्यालयमा रहनेछ।

### ७.३ साधनश्रोतको व्यवस्थापन

स्थानीय तह, जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसर र मातहतका ईकाईहरू समेतका सामुदायिक गतिविधिका लागि व्यवस्था गरिएका साधन श्रोतहरू सामुदायिक सुरक्षा कार्यक्रमहरूको औचित्य अनुरूप प्रभावकारी रूपमा उपयोग गरिनेछ। यसका अतिरिक्त सम्बन्धित मन्त्रालयहरू, निकायहरू, साझेदार संस्थाहरू र विद्यालयहरूले सामुदायिक कार्यको लागि व्यवस्था गरेका साधनश्रोतहरू र सम्बन्धित पालिकामा सञ्चालित बैंक तथा वित्तिय लगायतका नाफामूलक संस्थाहरूको व्यवसायिक सामाजिक दायित्व (Corporate Social Responsibility) लाई समेत सामुदायिक सुरक्षा कार्यक्रमहरूको अवधारणामा समाहित गर्नको लागि पहल गरिनेछ।

समुदाय-प्रहरी साझेदारीलाई नेपाल सरकारको राष्ट्रिय प्राथमिकताका क्षेत्रको रूपमा दीर्घकालीन योजना र कार्यक्रमहरूमा समावेश गरी प्रणालीगत दीगोपनको सुनिश्चितता गर्ने पहल गरिनेछ। प्रहरी प्रधान कार्यालयले नेपाल सरकारको नीति बमोजिम अन्तर्राष्ट्रिय निकायहरू र संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्नेछ।

### ७.४ प्रोत्साहन तथा पुरस्कार

कार्यक्रमहरूको मुल्याङ्कन तथा विश्लेषण गरी बर्षभरिमा उल्लेखनिय रुपमा कार्य सम्पादन गर्ने १-१ वटा जिल्ला, पालिका, वडा, टोल र विद्यालय समितिहरूलाई "समुदाय-प्रहरी साझेदारी उत्कृष्टता पुरस्कार (Community-Police Partnership Excellence Award)" प्रदान गरिनेछ।

### ७.५ उत्कृष्ट अभ्यासहरू (Best Practices)

समुदाय-प्रहरी साझेदारीका सम्बन्धमा कुनै प्रदेश, जिल्ला वा स्थानीय स्तरमा भएका उत्कृष्ट अभ्यासहरूलाई संकलन गरी अन्य स्थानहरूमा समेत लागू गर्ने प्रणालीगत व्यवस्था गरिनेछ।

## ७.६ प्रतिवेदन र गतिविधिको प्रमाण (Portfolio of Evidence)

प्रहरी कार्यालयहरूले आफ्नो मातहतमा भएका सामुदायिक गतिविधिहरूको बारेमा प्रहरी प्रधान कार्यालय, सामुदायिक सुरक्षा महाशाखा, प्रदेश प्रहरी कार्यालय/महानगरीय प्रहरी कार्यालय, संघीय प्रहरी ईकाई कार्यालय र जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरमा प्रतिवेदन गर्नेछन । प्रतिवेदनसँगै सामुदायिक गतिविधिहरूको प्रमाणलाई (जस्तै: बैठकहरूको माईन्युट, गतिविधिहरूको तस्विर ईत्यादि) समेत समावेश गर्नुपर्नेछ ।

# ८.अनुगमन तथा मूल्याङ्कन

## ८.१ अनुगमन तथा मुल्याङ्कन

नेपाल प्रहरीका प्रहरी प्रधान कार्यालय, सामुदायिक सुरक्षा महाशाखा, प्रदेश प्रहरी कार्यालय/महानगरीय प्रहरी कार्यालय, संघीय प्रहरी ईकाई कार्यालय, जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरका सामुदायिक शाखा वा सामुदायिक सम्पर्क अधिकृत (Community Focal Officer) ले कार्यक्रमहरूको प्रतिवेदन संकलन र बिश्लेषण कार्य गर्नेछन । कार्यक्रम कार्यान्वयनको स्थितिलाई अर्धवार्षिक रूपमा जिल्ला र पालिका स्तरीय समितिहरूबाट र जिल्लास्तरीय कार्यक्रमहरूको प्रादेशिक र केन्द्रीय स्तरबाट स्थलगत अनुगमन हुनेछ। विश्लेषण गरिएको प्रतिवेदन समितिहरूले उपयोग गरी भावी रणनीति तथा कार्यक्रमहरू तर्जुमा कार्यमा उपयोग गर्नेछन्।
आधारभूत रुपमा निम्नानुसारको अनुगमन र मुल्याङ्कन प्रणाली हुनेछ:

(क)गतिविधिको प्रमाण सहितको सहितको तथ्यगत दैनिक प्रतिवेदन

(ख)मासिक प्रगति समीक्षा (प्रप्रका- पालिका समिति)

(ग) त्रैमासिक प्रगति समीक्षा (प्रप्रका- पालिका समिति)

(घ) वार्षिक प्रकाशन (राष्ट्रिय, प्रादेशिक, जिल्ला र पालिका स्तरीय)

नेपाल प्रहरीका विभिन्न तहबाट साझेदारहरू समेतको सहभागितामा निम्नानुसार अनुगमनको व्यवस्था गरिने छ:

| सि.नं. | कार्यक्रम | अनुगमन | कुल |
|---|---|---|---|
| १ | प्रहरी प्रधान कार्यालय र राष्ट्रिय साझेदार | प्रदेश+महानगरीय वर्षको २ पटक | १६ |
| २ | प्रदेश/महानगरीय प्रहरी र साझेदार | हरेक जिल्लामा कम्तिमा २ पटक (७७X२) | १५४ |
| ३ | समुदाय-प्रहरी जिल्ला समिति | हरेक पालिकामा कम्तिमा २ पटक (७५३X२) | १,५०६ |
| ४ | समुदाय-प्रहरी पालिका समिति | हरेक वडामा कम्तिमा २ पटक (६७४३X२) | १३,४८६ |
| **कुल अनुगमन संख्या** | | | **१५,१६२** |